बागमती प्रदेश सरकार

# स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

मा. गिर बहादुर तामाङ

मन्त्री

बागमती प्रदेश सरकार ... हेटौंडा, नेपाल

## हरितालिका(तीज),२०८३ को शुभकामना

नेपाली महिलाहरूको महान् चाड हरितालिका (तीज) को सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि र सुरक्षित जीवनको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

सामाजिक सद्भाव, मेलमिलाप एवं समाजका विकृति, विसङ्गति र सामाजिक अधिकारलाई उजागर गर्ने पर्वको रूपमा परापूर्व कालदेखि यो चाड मनाईंदै आएको छ ।सनातन परम्परा, सामाजिक मूल्य मान्यता र सांस्कृतिक सौन्दर्यको अनुपम संगमको रुपमा लिइने यस पर्वले महिला सशक्तिकरण, भ्रातृत्व, सदाचार, एकता र सामाजिक सद्भाव कायम गर्न महत्त्वपूर्ण भूमिका निभाएको छ । परापूर्व कालदेखि चलिआएको रीतिरिवाज, रहनसहन र धार्मिक सहिष्णुताको प्रतिविम्बको रुपमा यो चाड मनाउँदै आइरहेको मैले महसुस गरेको छु ।

हरितालिका तीजले नेपाली महिलामाथी हुने विभेद,हिंसा र असमानताहरूको अन्त्य गर्दै समतामूलक, सभ्य र समावेशी समाजको निर्माणतर्फ अग्रसर हुन उत्प्रेरित गर्न सकोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु ।

समस्त नारी जाति प्रकृति र सृष्टिका दृष्टिले उच्च स्थानमा पर्दछन् । आदर्शमय सामाजिक वातावरण जीवन्त राख्न, सदाचारयुक्त जीवन शैली अपनाउन तथा देशको कला संस्कृतिलाई जगेर्ना गर्दै आगामी पुस्तालाई हस्तान्तरण गर्न यस्ता मौलिक चाडको गरिमालाई सम्मानजनक बनाई राख्नु अति आवश्यक छ ।सम्बन्ध सुधार गर्ने, यसलाई अझ प्रगाढ बनाउने तथा सम्बन्धमा भएका मनमुटावलाई प्रेममा बदल्ने हरितालिका पर्वको अहिले पनि आस्था र महत्त्व उत्तिकै छ । त्यसैले यसलाई संरक्षण र सम्वर्द्धन गर्दै अगाडि बढ्नुपर्ने आजको पुस्ताको जिम्मेवारी र दायित्व हो । हालै भोटेकोशी क्षेत्रमा आएको बाढीले निम्त्याएको राष्ट्रिय विपत्तिको संवेदनात्मक अवस्थालाई मध्यनजर गरी हरितालिका तीजलाई भड्किलो र खर्चिलो नबनाई यसको मौलिकता र सांस्कृतिक महत्त्वको जगेर्ना गर्न एवम् संयमित र मितव्ययी रुपमा मनाउन विशेष आग्रह गर्दछु।

अन्तमा, हरितालिका (तीज) पर्वले हामी सबैमा खुसी र मनोरञ्जन साटासाट गरी शान्ति, समृद्धि र प्रगतिका लागि सबैलाई एकजुट गराउने भावना जागृत गरेर हाम्रो सांस्कृतिक ऐक्यबद्धता र सद्भावलाई अझ सबल बनाउँदै सबै क्षेत्रमा महिलाको सम्मानजनक सहभागिता र समान पहुँचलाई अझ सशक्त रूपमा अघि बढाउँदै सामाजिक सांस्कृतिक तथा पारिवारिक एकता र सम्बन्ध थप सुमधुर बनाउन सहयोग पुगोस् भन्ने कामना गर्दै पुनः हरितालिका (तीज) पर्वको शुभकामना प्रकट गर्दछु ।

धन्यवाद ।

मिति:२०८३ भाद्र २९ गते सोमबार

नेपाल संवत्१९४६, ञलाथ्व:तृतिया

गिर बहादुर तामाङ

मन्त्री